प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवर
Inspector General of Police Basanta Bahadur Kunwar
Chief of Nepal Police

नेपाल प्रहरी प्रधान कार्यालय,
नक्साल, काठमाडौं, नेपाल ।
Nepal Police Headquarters,
Naxal, Kathmandu, Nepal

## शुभकामना

नववर्ष २०८० सालको सुखद् अवसरमा स्वदेशमा रहनुभएका तथा विभिन्न तालिम, संयुक्त राष्ट्रसंघीय मिसन वा विशेष जिम्मेवारीको सिलसिलामा विदेशमा रहनुभएका सकल दर्जाका प्रहरी कर्मचारीहरु लगायत यहाँहरूका परिवारजनमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु । यसै अवसरमा यहाँहरुको सुस्वास्थ्य, पारिवारिक सुख र व्यावसायिक प्रगतिको कामना गर्दछु ।

नववर्ष २०८० सँगै हामी नयाँ दशकमा प्रवेश गर्दैछौं । ७० को दशकभर मुलुक र मुलुकवासी प्रति नेपाल प्रहरी संगठनले निर्वाह गरेको जिम्मेवारीको समीक्षा गर्दै नयाँ दशकको आगमनसँगै सकल दर्जालाई अझ उत्साहप्रद ढंगले सेवामा समर्पित हुने प्रेरणा मिल्ने आशा गरेको छु । संगठनको स्थापनाकालदेखि वीर अमर प्रहरीको वलिदान, अग्रजहरुको अमूल्य योगदान र सम्पूर्ण सदस्यहरुको अविच्छिन्न कर्तव्यभावले नै यो संगठन गर्व गर्न लायक बन्न सकेको हो । पहिलो पंक्तिमा रहेर मुलुकको आन्तरिक सुरक्षाको बागडोर सम्हाल्दै आएको नेपाल प्रहरीका सामु चुनौतीका पहाड अग्लिंदै छन् । प्रविधिको द्रुततर विकासले आगामी दशक थप चुनौतीपूर्ण हुने निश्चित छ । सकल दर्जाको दृढ ईच्छाशक्ति सँगै समर्पणभाव, निष्ठा, क्षमता अभिवृद्धि र प्रविधिगत विकासले संगठनको व्यावसायिकतामा बढोत्तरी भई चुनौतीलाई अवसरमा बदल्न सकिने विश्वास गरेको छु ।

जनमैत्री एवं प्रविधिमैत्री प्रहरी सेवा प्रवाह; प्रहरी कार्यसम्पादनको गुणस्तर अभिवृद्धि; प्रहरी कर्मचारीको उच्च मनोवल र प्रहरीको छवि उचो राख्न आन्तरिक शुद्धीकरणलाई प्रस्थानविन्दू बनाउनुपर्ने संगठनको ठहर छ । यसै विषयलाई प्राथमिकतामा राखी हामी दुई वर्षको कार्ययोजना निर्माणको प्रक्रियामा छौं । योजनावद्ध यात्राले संगठनलाई गतिशील बनाई साँगठनिक लक्ष्य प्राप्ति एवं प्रहरी सेवाप्रतिको सन्तुष्टिमा गुणात्मक वृद्धि हुने हाम्रो विश्वास छ ।

नववर्षको यस अवसरमा व्यावसायिकता, पारदर्शीता एवम् आर्थिक अनुशासन कायम राख्दै सभ्य तथा शिष्ट तवरबाट नागरिकलाई प्रहरी सेवा प्रदान गर्न सम्पूर्ण प्रहरी कर्मचारीहरूलाई संकल्पित रहन निर्देशित गर्दछु । नववर्ष २०८० साल संगठनको चौतर्फी व्यावसायिक विकासको वर्ष बन्न सकोस्; आपसी भाइचारा र एकता सुदृढ रहोस्; एकबद्ध भई संगठनले तय गरेका लक्ष्य प्राप्तिमा सफलता मिलोस्; यही शुभकामना व्यक्त गर्न चाहन्छु ।

मिति: २०७९ चैत ३० गते ।

प्रहरी महानिरीक्षक
(बसन्त बहादुर कुँवर)

पोष्ट बक्स नं. ४०७, कार्यालय: ९७७-१-४४१२७३७, ४४१२४३२, फ्याक्स: ९७७-१-४४१५५९३
ईमेल: phqigs@nepalpolice.gov.np, वेबसाइट: https://www.nepalpolice.gov.np,
नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौँ ।